२०७५।०४।२८

आजमिति २०७५।०४।२८ गतेको दिन हलेसि गाउँ पालिको गाउँकार्यपालिकाको बैठक गाउँपालिका अध्यक्ष श्री खेमनारायण मानन्धर ज्यूको अध्यक्षतामा बसी निम्न उपस्थीतीमा निम्न निर्णयगरियो ।

उपस्थीती

अध्यक्ष श्री खेमनारायण मानन्धर
उपाध्यक्ष श्री मनमाया पराजुली
वडाअध्यक्ष वडा-१ श्री भीमबहादुर भुजेल
वडा-अध्यक्ष वडा-२ श्री पशुराम सिग्देल
वडा-अध्यक्ष " ३ श्री लेखबहादुर खत्री
वडा-अध्यक्ष वडा-४ श्री चिन्तामणी शर्मा
वडा-अध्यक्ष वडा-५ श्री टंकबहादुर राना
वडा-अध्यक्ष वडा-६ श्री नरबहादुर थापा
वडा अध्यक्ष वडा-७ श्री केशमाया थापा
कार्यपालिका सदस्य श्री उजेली नेपाली दर्जी
कार्यपालिका सदस्य श्री हिममाया थापा
Rekha कार्यपालिका सदस्य श्री रेखा वि.क.
कार्यपालिका सदस्य श्री सुरजबहादुर नेपाली
कार्यपालिका सदस्य श्री महेन्द्र गौतम
कार्यपालिका सदस्य श्री धनमाया राना
सदस्य-सचिव श्री नविन अधिकारी
स्वा. हैं विदुर सिग्देल
सन्तबहादुर थापा
श्री सन्दीप बेगाटी

प्रस्ताव तथा निर्णयहरु:

प्रस्ताव नं. ① केन्द्र भवन सम्बन्धमा ।

निर्णय ① प्रस्ताव नं. ① माथी छलफल गर्दा यस हातोष गाउँपालिकाको केन्द्रको भवन प्राविधिकसंग सहकार्य गरी चुलीडाँडामा निर्माण उपभोक्ता समिति मार्फत गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ② १ एक गाउँपालिका १ एक अस्पताल सम्बन्धमा

निर्णय ② प्रस्ताव नं. ② माथी छलफल गर्दा १ गाउँपालिका एक (१) अस्पताल अन्तर्गतको अस्पताल चुलीडाँडामा निर्माणगर्नको लागि सम्बन्धित ठाउँमा सिफारिस गर्ने निर्णय गरियो । उपरोक्त कामको लागि आवश्यक जग्गा हातोष गाउँपालिकाको नाममा रहेको कि.नं. २५५, ३०१, ३०२, ३०३, ३०६ र ३०८ मध्ये बाट अस्पतालको नाममा नामसारी गर्ने निर्णयगरियो ।

प्रस्ताव नं. ③ सामाजिक सुरक्षा भत्ताको बैंक खाता सम्बन्धमा ।

निर्णय ③ प्रस्ताव नं. ③ माथी छलफल गर्दा यस गा.पा. वडा - १ देखी ६ सम्म कुनारी बैंक हातोष को कर्मचारी टिम आई १ देखी २ दिनको दरले प्रत्येक वडामा कुनारी बैंकबाट खाता सामाजिक सुरक्षा भत्ता वितरणको खाता संचालन गरिदिनको लागि अनुरोधगर्ने निर्णय गरियो ।